# १२२ औं कार्यपालिका बैठकको प्रस्तावहरु :

१. वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गर्ने स्थान छनौट सम्बन्धमा ।
२. उपभोक्ता समिति गठन गरी कार्यप्रारम्भ गर्ने सम्बन्धमा ।
३. विशेष अनुदानको रकम बाडफाड सम्बन्धमा ।
४. घ वर्गको लाइसेन्स सम्बन्धमा ।
५. नाम्चे काल्खु सडकको गुनासो सम्बन्धमा ।
६. नगरपालिकाको भवन र वडा नं २ को कार्यालय मर्मत सम्बन्धमा ।
७. विविध ।
   क) दशैंको अवसरमा बाटो सरसफाई सम्बन्धमा ।
   ख) आलुको विउको माग पठाउने सम्बन्धमा ।

..............................

तुलसी राम रेग्मी
नगर प्रमुख

२०८२ भाद्र २२ गते आइतबार

## १२२ औं कार्यपालिका बैठकका निर्णयहरु:

१. आर्थिक वर्ष ०८२/०८३ को सुरक्षित आप्रवासन कार्यक्रम अन्तरगत सञ्चालन हुने विभिन्न किसिमका वित्तीय साक्षरता कार्यक्रम देहाय बमोजिमका वडा अन्तर्गतका स्कुल तथा स्थानहरुमा गर्ने निर्णय गरियो ।

| क सं | कार्यक्रमको नाम | कार्यक्रम संचालित हुने वडाहरु | सहभागीहरुको विवरण/संख्या | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | ९० मिनेट वित्तीय साक्षरता कार्यक्रम | वडा नं (९,८,१३,५,७ र १४) | ९ कक्षा देखि १२ कक्षा सम्मका विद्यार्थीहरु | ९० मिनेट | कोल्मा बराहचौर ९, नु बहकोट ८, मातृभूमि १३, शितल मा.वि. ५, जनता मा.वि. ७, रजस्थल मा.वि. १४ |
| २ | १ दिने वित्तीय साक्षरता कार्यक्रम | वडा नं (४,३,८,६,१२) | विभिन्न समुहमा आवद्ध भएका व्यक्तिहरु | १ दिने ६ घण्टा | धारापानी टोल, मुस्लिम समूह, गैडाकोट कृषि समूह र वडा नं ६ र १२ |
| ३ | ३ दिने वित्तीय साक्षरता कार्यक्रम | वडा नं (१४,२ र ५) | वित्तीय संस्थामा आवद्ध व्यक्तिहरु | ३ दिने ६ घण्टाको दरले | पञ्चमुखी १४, महालक्ष्मी र सुर्यमुखी २ , भैरव कालिका ५ |
| ४ | २१ हप्ते वित्तीय साक्षरता कार्यक्रम | वडा नं ३ र १४ | वैदेशिक रोजगारमा भएका श्रमिकहरुको परिवारलाई | २१ हप्ते २ घण्टा | वडासँग समन्वय गरेर समुह बनाउने |
| ५ | सुरक्षित वैदेशिक रोजगार सम्बन्धी समुदायस्तरमा अभिमुखीकरण कार्यक्रम | वडा विगतमा कम भएका र नभएका वडाहरु | एक समुहमा १५ जना रहने गरी | | वैदेशिक रोजगारमा जान सक्ने सम्भावित कामदार, परिवारहरुलाई |

२. आर्थिक वर्ष ०८२/०८३ को नगरपालिका तथा वडास्तरबाट सञ्चालन हुने आयोजना/योजनाहरुको कार्यान्वयनका लागि मिति २०८२/०६/३० गते भित्र उपभोक्ता समिति गठन गर्ने र तत् पश्चात् ५ लाखभन्दा माथिका योजनाका उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षलाई योजनाहरुको कार्यान्वयन सम्बन्धी एक दिवशीय अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

३. आर्थिक वर्ष ०८२/०८३ को संघीय विशेष अनुदान अन्तर्गत् सरसफाई केन्द्रमा आधुनिक

..................
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

..................
तुलसीराम रेग्मी
नगर प्रमुख

प्रविधि उपकरण जडान शीर्षकमा विनियोजन भएको रकम रु १ करोड ४० लाख मध्ये रु ६२ लाख व्याक हो लोडरमा र बाँकी रकम डस्विन तथा डस्विन सेट खरिद गर्ने मिति २०८२/०५/०९ गतेको नगर प्रमुख स्तरीय निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

४. घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०८२ बमोजिम लाइसेन्सका लागि तपशिल बमोजिमका व्यक्तिहरुले उक्त कार्यविधिले तोके बमोजिमका कागजात र प्रक्रिया पुरा गरी निवेदन दिएकाले निजहरुलाई लाइसेन्स उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.स | आवेदकको नाम | लाइसेन्सको वर्ग | कम्पनीको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | जगत बन्धु कोइराला | घ | सव्यता निर्माण सेवा, पु.व.न.पा १३ | |
| २ | प्रमोद पौडेल | घ | लामागे पी. निर्माण सेवा, पु.व.न.पा १४ | |

५. शिक्षाचोक वहाकोट सडक निर्माणका क्रममा देहाय बमोजिमका स्थानमा तपशिल बमोजिमका निर्माण कार्य गर्नुपर्ने देखिएकोले त्यसको लागत अनुमान तयार गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

क) भयरस्थान देखि कोटकालिका जाने बाटो

ख) लत्रेपिपल जाने बाटो

ग) श्री जनजागृति आधारभूत विद्यालय जाने पहुँच मार्ग

घ) बहाकोट जाने पुरानो गोरेटो बाटो

ङ) टावरको तल माथिको बाटो निर्माण

च) बहाकोट सडक निर्माणका क्रममा उत्पादित बाटो व्यवस्थापनका लागि राखिएको सुरेन्द्र श्रेष्ठको जग्गाको व्यवस्थापनको लागि जाली सम्बन्धमा ।

६. सामुदायिक विद्यालयको भवनमा सञ्चालनमा रहेको वडा नं २ को कार्यालयमा जस्ताको छानाका कारणले सेवा प्रवाहमा समस्या भएकोले उक्त वडा भवन मर्मत गरी फल्स सिलिङ लगाउने तथा नगरपालिकाको प्रशासनिक भवनमा लगाईएको रंग खुइलिएको, लेउ पलाएकाले प्रशासनिक भवनमा पुनः रङरोगन लगाएतको कार्य गर्न लागत अनुमान तयार गरी मर्मत गर्ने कार्य अगाडि बढाउने निर्णय गरियो।

.......................
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

.......................
तुलसीराम रेग्मी
नगर प्रमुख

२०८२ भाद्र २२ गते आइतबार

७. वर्षातको कारण पहिरो गई वडा अन्तर्गतका भित्री सडकहर अवरुद्ध भएका जनगुनासोलाई मध्यनजर गरी, आउँदै गरेका महान् पर्वहरूलाई समेत ध्यानमा राखी नगरपालिका अन्तर्गतका सम्पूर्ण बाटोहरूको सरसफाइ गरी नगरवासीहरूको आवतजावतलाई सहज बनाउनका लागि वडा कार्यालयबाट बजेट विनियोजन भएकामा लागत अनुमान तयार गरी उपभोक्ता समितिमार्फत गराउने व्यवस्था मिलाउने र वडा कार्यालयबाट बजेट विनियोजन नभएकाहरूमा लागत अनुमान तयार गरी नगरपालिकामा पेस गर्न लगाई तत्कालका लागि अवरुद्ध भएका भित्री सडकहरुको मर्मत सम्भार गरी संचालनमा ल्याउने निर्णय गरियो।

८. नगरपालिकाका सम्पूर्ण वडाहरुबाट आलुको बिउको माग संकलन गरी खरिद प्रक्रिया तत्काल अगाडि बढाउने निर्णय गरियो ।

..............................
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

..............................
तुलसीराम रेग्मी
नगर प्रमुख